आज मिति २०७४।०९।१२ गतेका दिन लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको ~~[illegible]~~ सातौं बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण न्यौपाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, सदस्य सचिव, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री पदम बा. राई लिखु गाउँपालिका-४ वा.वा. अध्यक्ष -

निर्णयहरु:

१. प्रस्तुत लिखु गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४, लिखु गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ र लिखु गाउँपालिकाको सहकारी ऐन, २०७४ को विधेयक आगामी गाउँ सभामा प्रस्तुत गर्नका लागि गाउँ कार्यपालिकाबाट स्वीकृत गर्ने ।

२. प्रत्येक वडा कार्यालयमा आवश्यक पर्ने कार्यालय सम्बन्धी सामग्रीहरु उपलब्ध गराउने सम्बन्धमा वडा सचिवले आवश्यक पर्ने सामग्रीहरुको सूची तयार गरी गाउँ कार्यपालिकाको कार्यलयमा माग फाराम पेश गर्ने र यसरी माग भई आएको कार्यलय सम्बन्धी सामग्रीहरु गाउँ कार्यपालिकाको कार्यालयमा रहेको मौज्दात जिन्सीबाट वा बजारबाट खरिद गरी उपलब्ध गराउने र वडा कार्यालयहरुले समेत सहायक जिन्सी खातामा अभिलेख अद्यावधिक गरी जिन्सी व्यवस्थापन गर्ने ।

३.वडा कार्यालयहरुमा अतिथि सत्कार, चिया, खाजा लगायतका साधारण खचृका लागि मासिक रु. ५,०००।- (पाँच हजार) सम्मको खर्च गर्न सक्ने र उक्त खर्चको बील भरपाई गाउँपालिकामा पेश गरी मासिक रुपमा भुक्तानी हुने व्यवस्था गर्ने ।

४. गाउँपालिकाको स्वामित्वमा रहेका मोटर साईकल मर्मत गर्नुपर्ने भएमा गाउँ कार्यालयबाट मर्मत आदेश स्वीकृत गरी बार्षिक १० हजार सम्मको मर्मत गराउने कारणबस सो भन्दा बढी मर्मत खर्च लाग्ने अवस्थामा मर्मतको लागत अनुमान गरी पेश गरेमा गाउँपालिकाले त्यस्तो मर्मत गर्ने सर्भिस सेन्टरसँग मर्मत सम्फौता गरी मर्मत कार्य गराउने र त्यसरी मर्मत गर्दा मर्मत कार्यको भुक्तानी मर्मतकर्ताको नाममा एसी पेयी चेक मार्फत गर्ने । यसरी मर्मत गाराउँदा कानून बमोजिम व्यवसाय दर्ता भएको, नियमानुसार करमा दर्ता भई चालु आर्थिक बर्षको कर चुक्ता गरेको फर्मबाट मात्र मर्मत कार्य गराउनु पर्नेछ ।

५. निर्माण सम्बन्धी लागत अनुमान तयार गर्दा सडकको नयाँ ट्रयाक खोल्ने, खेलमैदान वा जग्गालाई समथर पारी मिलाउने जस्ता कार्यहरु र मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्ने निर्माण सम्बन्धी कार्य बाहेक अन्य निर्माण कार्यमा कम्तिमा लागत रकमको ६० (साठी) प्रतिशत रकम संरचना निर्माणमा खर्च हुने गरी मात्र लागत इष्टिमेट तथा डिजायन गर्ने अन्यथा लागत अनुमान स्वीकृत नगर्ने,

६. निर्माण सम्बन्धी कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ताहरुको योगदान सुनिश्चित गर्न नसकिने र उपभोक्ताहरुको सिमित क्षमताका कारण निर्माण कार्य समयमै सम्पन्न नहुने र निर्माण कार्यको गुणस्तरमा समेत नियन्त्रण गर्न कठिनाई पर्ने अवस्था देखिएको हुँदा निर्माणको लागत अनुमान दशलाख रुपैयाभन्दा बढी भएका आयोजनाहरुको कार्यान्वय प्रतिस्पर्धात्मक विधिबाट खुल्ला बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्ने,

७. उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ बमोजिमको प्रकृया बमोजिम कार्य गराउने र सो कार्यका लागि देहाय अनुसार गर्ने :

(क) आयोजना तथा वार्षिक कार्यक्रम अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भई उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने विषय एकिन भए पश्चात सम्बन्धित कामको प्रकृति, परिणाम, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई गाउँ कार्यपालिकाको कार्यालयबाट सार्वजनिक सूचना जारी गरी उपभोक्ता समिति गठन गर्न वा उपभोक्ता समितिलाई प्रस्ताव वा निवेदन माग गर्ने,

(ख) उपभोक्ता समिति गठन गर्दा उपभोक्ताहरुको भेला गरी गाउँपालिकाले तोकेको कर्मचारी वा पदाधिकारीको उपस्थितिमा उपभोक्ता समिति गठन गर्नुपर्ने छ । यसरी उपभोक्ता समिति गठन गर्दा प्रमुख पदाधिकारी मध्ये कम्तिमा एक जना महिला सहित कम्तिमा एक तिहाई महिला रहेको उपभोक्ता समिति गठन गर्नुपर्नेछ,

(ग) उपभोक्ता समिति गठन भए पश्चात गाउँ कार्यपालिकाको कार्यालयबाट जारी भएको सूचना बमोजिमको कार्य गर्न सम्बन्धित वडा कार्यालयको सिफारिश साथ गाउँपालिकामा सम्झौताको लागि निवेदन दिनुपर्ने र यसरी निवेदन प्राप्त भए पश्चात गाउँपालिकाबाट इन्जिनियर वा प्राविधिक सहितको टोलीले स्थलगत भ्रमण गरी नाप जाँच गरी आयोजनाको लागत अनुमान तयार गर्नुपर्नेछ,

(घ) गाउँपालिकाले निर्माण कार्यको स्थलगत भ्रमण गरी उचित ठानेमा प्राविधिकले तयार गरेको लागत अनुमानको कम्तिमा १५ (पन्ध्र) प्रतिशत लागत उपभोक्ता समितिबाट अनीवार्यरुपमा व्यहोर्ने गरी गाउँ कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति बीच सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ को उपनियम (३) बमोजिमको सम्झौता गर्नुपर्नेछ र त्यस्तो कार्य गराउँदा उपभोक्ता समितिलाई अग्रिम पेश्की रकम दिइने छैन तर, निर्माण कार्यको सिलसिलामा पुरा गरेको कामको अंशको लागतको प्राविधिकबाट मुल्यांकन गराई, बील, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट सार्वजनिक परीक्षण गराएर वडा कार्यालयको सिफरिशमा चालू बील भुक्तानी लिन सक्नेछ । यसरी समुदायको बैठकबाट सार्वजनिक लेखा परीक्षण गराउनु पर्दा उपभोक्ता समितिले कम्तिमा ७ (सात) दिनको सूचना समुदायको विभिन्न स्थानमा टाँस गर्ने र समुदायको बैठकमा गाउँपालिकाको कर्मचारी वा पदाधिकारीहरुको उपस्थितिको लागि गाउँ कार्यपालिकामा सूचना गर्नुपर्नेछ । यसरी सामुदायको बैठकबाट खर्च अनुमोदन भए पछि एक प्रति खर्चको विवरण सार्वजनिक स्थलमा टाँस गर्नुपर्नेछ र एक प्रति संलग्न गरी भुक्तानीको लागि गाउँ कार्यपालिकामा निवेदन दिनुपर्नेछ ।

(ङ) उपभोक्ता समितिबाट भुक्तानीको लागि निवेदन दर्ता भएमा गाउँ कार्यपालिकाको कर्मचारी वा पदाधिकारी सहितको टोलीले निर्माण कार्यको अनुगमन गरी प्रतिवेदन पेश गरेपछि मात्र निर्माण कार्यको भुक्तानी हुनेछ। यसरी उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र उपभोक्ताको जन सहभागिताको अंश कट्टा गरेर भुक्तानी दिइनेछ ।

(च) उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैं गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी, सव-कन्ट्र्याक्टरबाट गराउन पाइने छैन । उपभोक्ता समितिले तोकिएको समयमा निर्माण कार्य पुरा गर्न नसकेमा मुनासिव कारण विना तोकिएको समयावधी गुजारेमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौत भंग गरी गाउँ कार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको विधिबाट निर्माण कार्य गराउने छ । तर, यसरी निर्माण कार्य गराउँदा एक आर्थिक बर्ष देखि अर्को आर्थिक बर्षमा दायित्व नसर्ने गरी हरेक आर्थिक बर्षमा फरफारक हुनेगरी गराउनु पर्दछ ।

(छ) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य सम्पन्न भए पश्चात मर्मत सम्भार तथा संरक्षणका लागि गाउँपालिकाले सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई जिम्मेवारी समेत तोकी हस्तान्तरण गर्न सक्नेछ,

(ज) कुनै उपभोक्ता समितिले रकम दुरुपयोग गरेको पाईएमा गाउँपालिकाले छानवीन गरी त्यस्तो रकम उपभोक्ता समितिको पदाधिकारीहरुबाट दामासायीले सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ र यसको सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(झ) आयोजनाको अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारी सहितको टोली बनाई अनुगमन गर्न सकिनेछ । यसरी अनुगमनमा खटिदा अख्तियार प्राप्त अधिकारीबाट भ्रमण आदेश स्वीकृत गरी टोली खटाईएमा खटिने कर्मचारी वा पदाधिकारीहरुलाई प्रतिदिन १,०००।- (एक हजार) भ्रमण तथा खाजा खर्च वापत दिने र सम्भव भएसम्म त्यस्तो टोलीले एक दिनमा दुई वा दुई भन्दा बढी आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर, एकै आयोजनामा बढीमा तिनजना र बढिमा दुई पटकसम्मको अनुगमन गरे बापतको भ्रमण खर्च दिईनेछ ।

८. गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धमा सार्वजनिक खर्च नियमावली, २०६४ को नियम ९९ बमोजिम कार्य गराउने र सो कार्यका लागि देहाय अनुसार गर्ने:

(क) जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउन सक्नेछ ।

(ख) गैर सरकारी संस्थाबाट काम गराउँदा प्रचलित कानून बमोजिम दर्ता भई चालू आर्थिक बर्षको लागि नवीकरण भएको र चालू आर्थिक बर्षको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम गाउँ कार्यपालिकाको कार्यालयको मौजुदा सूचीमा दर्ता भएको, लिखु गाउँपालिकामा कार्यक्षेत्र रहेको गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई स्थानीय स्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्नेछ ।

(ग) गैर सरकारी संस्थाले स्वीकृत लागत अनुमान बमोजिमको आर्थिक प्रस्ताव सहितको कार्यक्रमको प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्नेछ । यसरी प्रस्ताव पेश गर्दा सिलवन्दी गरी प्रस्ताव पेश गर्नुपर्नेछ । र तोकिएको दिनमा प्रस्तावदाताको रोहबरमा खोली सबै भन्दा कम लागत पर्ने गैर सरकारी संस्थालाई छनौट गरी मुल्यांकन समिति गठन गरी मुल्यांकनको जिम्मेवारी तोक्नु पर्नेछ । मुल्यांकन समितिले प्रस्तावहरुको मुल्यांकन गरी न्युनतम लागत भएको प्रस्ताव स्वीकृतिको लागि सिफारिश गर्नेछ ।

(च) मुल्यांकन समितिले सिफारिश गरेको प्रस्तावदाताको प्रस्ताव उपयुक्त भएमा गाउँ कार्यपालिकाको कार्यालयले त्यस्तो प्रस्ताव स्वीकृत गरी सम्बन्धित प्रस्तावदातालाई सम्झौताको लागि सूचना दिनेछ । सूचना दिई तोकेको समयावधिमा उक्त गैर सरकारी संस्था सम्झौता गर्न नआएमा गाउँपालिकाले निज पछिको न्युनतम लागतको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्नेछ ।

९. लिखु गाउँपालिकाको सबै क्षेत्रमा योजनावद्ध रुपमा एकीकृत बस्ती, सडक, ढल, विद्यालय, खुला क्षेत्रहरु, औधोगिक एवं व्यवसायिक क्षेत्र, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुको संरक्षण र पर्यटकीय क्षेत्रहरुको विकासका लागि गाउँ कार्यपालिकाबाट एकीकृत बस्ती तथा नगर विकासे डिपिआर गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने र सो को लागि श्रोत अभाव भएमा पुरक बजेट गाउँ सभामा प्रस्तुत गर्ने ।

१०. लिखु गाउँपालिकाको गाउँ कार्यपालिकाको भवन निर्माण गर्ने, वडा कार्यालयहरुको भवन निर्माण गर्ने सम्बन्धमा सम्भावित सरकारी तथा सार्वजनिक जग्गाहरुको प्राप्त गर्नको लागि प्राविधिक र सम्भव भएसम्मको भुगर्भ सम्बन्धी प्राविधिक समेतको समिति गठन गर्ने र उक्त समितिमा स्थानीय स्तरमा क्रियाशिल राजनीतिक दलहरुको प्रतिनिधित्व गराउने गरी सम्बन्धित राजनीतिक दलहरुलाई प्रतिनिधि पठाउन लेखी पठाउने र प्रतिनिधिको नाम प्राप्त भए पश्चात एक अध्ययन टोली गठन गर्ने ।

2068/5/12